५८ औं

बर्दिवास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८१ मंसिर २० गते बिहिवार बसेको नगर कार्यपालिकाको बैठकको उपस्थिति ।

## उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | श्री तारा देवी | उप प्रमुख | |
| ३ | श्री भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | श्री धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | श्री विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | श्री अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | श्री काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| ८ | श्री पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | श्री रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | श्री समसेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | श्री घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | श्री प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | श्री पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | श्री राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | श्री लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | श्री विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | श्री तिर्थ बहादुर अछामी | कार्यपालिका सदस्य | |
| १८ | श्री विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| १९ | श्री रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| २० | श्री लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| २१ | श्री अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| २२ | श्री विना कुमारी पाख्रिन | कार्यपालिका सदस्य | |
| २३ | श्री प्रतिमा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २४ | श्री ऐश्वर्य वोम्जन तमाङ | कार्यपालिका सदस्य | |
| २५ | श्री राममणि अधिकारी | प्रमुख प्रशासकीय अधिकृत(सदस्य सचिव) | |

राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरू

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
मधेश प्रदेश
२०७३

१) अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।
२) कार्यविधिहरू स्वीकृत गर्ने सम्बन्धमा।
३) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको योजना,तालिम तथा सुचिकृत बेरोजगारहरूको नामवली स्वीकृत गर्ने सम्बन्धमा ।
४) फिल्ड सहायकको विज्ञापन सूचना रद्द गर्ने सम्बन्धमा।
५) जग्गा वर्गिकरण संसोधनका लागि निवेदन संकलन अभियान संचालन गर्ने सम्बन्धमा।
६) प्रशासकीय भवन ठेक्काको म्याद थप गर्ने सम्बन्धमा।
७) सम्मानित उच्च अदालत जनकपूरको फैसला कार्यान्वयन सम्बन्धमा।
८) मधेश कृषि विश्वविद्यालयलाइ सिफारिस गरिएको जग्गाबाट बाकी जग्गा संरक्षण गर्ने सम्बन्धमा।
९) जनमुखी स्वाथ्य र विकास सहकारी संस्थालाइ अनुदान सम्बन्धमा।
१०) कर्मचारीको स्तरवृदी सम्बन्धि समिति गठन गर्ने सम्बन्धमा।
११) भारतिय दुतावासको अनुदानमा लागत साझेदारी सम्बन्धमा।
१२) पोषण स्वयमसेवकको नपुग तलव सम्बन्धमा।
१३) आर्थिक साहयता सम्बन्धमा।
१४) सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा।
१५) बर्दिबास फनपार्क र बर्दिबास अस्पतालको कर्मचारी आवास निर्माणका लागि डिपिआर पेश गर्ने सम्बन्धमा।

निर्णयहरू

१) प्रस्ताव नं.१ माथि छलफल गर्दा अघिल्लो बैठक को समिक्षा गरियो।
२) प्रस्ताव नं.२ माथि छलफल गर्दा निजि वन विकास तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०८१, बालबिबाह मुक्त क्षेत्र घोषणा कार्यविधि,२०८१ र घर नक्सा अभिलेखिकरण कार्यविधि,२०८१ स्वीकृत गर्ने निर्णय गरियो।
३) प्रस्ताव नं.३ माथि छलफल गर्दा तपशिल बमोजिम गर्ने निर्णय गरियो ।
क। देहायको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको योजनाहरू स्वीकृत गर्ने,

| क.स. | वडा न. | योजनाको नाम | कैफियत |
|---|---|---|---|
| १. | १ | बर गाछी जाने बाटो दुवै तर्फ नाला सरसफाई | |
| २. | १ | महेन्द्र राजमार्गको उत्तर तर्फको नाला सरसफाई | |
| ३. | १ | कृषि विकास बैंकको दुवै तर्फ नाला सरसफाई | |
| ४. | १ | बर्दिबास चौक स्थित आसपासका बोट बिरुवा गोडमेल तथा सरसफाई | |
| ५. | १ | दुर्गा मन्दिर परिसर भित्र बिरुवा रोपन कार्य | |
| ६. | १ | क्रियापुत्री भवन आसपास सरसफाई कार्य | |
| ७. | १ | रातु खोला मोक्षधाम आसपास बिरुवा रोपन तथा सरसफाई | |
| ८. | ३ | गौरी डाडा नाला सरसफाई/योग भवन फुलवारी बनाउने | |
| ९. | ३ | गौरी डाडा पाटु जोड्ने बाटो सरसफाई | |
| १०. | ३ | पाटु कुलो सरसफाई | |
| ११. | ३ | कालापानी कुलो निर्माण | |
| १२. | ३ | भब्सी कुलो निर्माण | |
| १३. | ३ | राजावास कुलो सरसफाई/निर्माण | |
| १४. | ३ | पर्साहिधाप कुलो निर्माण तथा सरसफाई | |
| १५. | ४ | भक्तिपुर पुर्व पश्चिम दुवै कुलो सरसफाई योजना | |
| १६. | ४ | लक्ष्मी गाउँको कुलो सरसफाई | |
| १७. | ४ | बिश्वकर्मा चोक देखि बरडांडा सम्मको बाटोमा खाल्टा खुल्ती पुर्ने | |

रामभणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
मधेश प्रदेश

| | | | |
|---|---|---|---|
| १८. | ४ | माइमन्दिर देखि बरडाडा सम्मको बाटोमा खाल्टो खुल्ती पुर्ने र नाला निर्माण | |
| १९. | ४ | गुम्बा देखि नया टोल सम्मको बाटोको खाल्टो खुल्ती पुर्ने | |
| २०. | ४ | वडा भित्रका सबै खानेपानीको मुहान मर्मत तथा पाइपलाइन मर्मत | |
| २१. | ६ | खानेपानी आयोजनाको पाइपलाइन विस्तार | |
| २२. | ६ | मूल सड[illegible] तथा नाला सरसफाई | |
| २३. | ९ | बिभिन्न कृषि सडकहरु मर्मत सम्भार तथा सरसफाई | |
| २४. | ९ | बर्दिबास न.पा. वडा न.-९ का बिधालयहरु सरसफाई | |
| २५. | ९ | बर्दिबास न.पा. वडा न.९ का कुलो (पैनी) निर्माण | |
| २६. | ९ | बर्दिबास न.पा. वडा न.९ का सम्पूर्ण सडक बाटोहरु सरसफाई | |
| २७. | ९ | बर्दिबास न.पा. वडा न.९ का बजारहरु सरसफाई | |
| २८. | १० | बाके खोला सिचाईको मूल कुलो र सबै शाखा (लाइन टोल समेतको ) कुलोहरु मर्मत तथा | |
| २९. | १० | बयलबास सिचाईको मूल कुलो र सबै शाखा कुलोहरु मर्मत तथा सरसफाई | |
| ३०. | १० | दमार सिचाईको मूल कुलो र सबै शाखा कुलोहरु मर्मत तथा सरसफाई | |
| ३१. | १० | मरहा सिचाईको मूल कुलो र सबै शाखा कुलोहरु मर्मत तथा सरसफाई | |
| ३२. | १० | इन्द्रकाली खानेपानी तथा सरसफाई उ.स.को अधुरो पाइपलाइन खन्ने योजना | |
| ३३. | १० | बयलबास खानेपानी तथा सरसफाईको पाइपलाइन जिर्ण भएकोले पाइपलाइन खन्ने योजना | |
| ३४. | १० | बरमथान मन्दिर देखि विधुत चोक हुदै पश्चिम तर्फ जाने सडकको दाया बाया विरुवा रोप्ने कार्क्रम | |
| ३५. | १० | बाके खोला सिचाईको माझीको घर देखि पुर्व तर्फ ढलान गर्न सामग्री नगर सिचाई शिर्षकबाट र | |
| ३६. | १० | गर्दी दोभानमा नयाँ ट्याक बाटो निर्माण | |
| ३७. | ११ | झल्ला देखि बगुवा हुदै नागदह सम्म पैदल बाटो निर्माण | |
| ३८. | ११ | बर्दिवास न.पा. वडा न.-११ मा बाटो तथा खानेपानी सरसफाई र मर्मत | |
| ३९. | ११ | झ्याउरे सामुदायिक भवन देखि माझखोला शिर सम्म पैदल बाटो निर्माण | |
| ४०. | ११ | सिचाई कुलो मर्मत तथा सरसफाई व.न.पा.-११ | |
| ४१. | ११ | बाटो निर्माण तथा सरसफाई ब.न.पा.११ | |
| ४२. | ११ | गर्दी बाट गुरुङ जाने बाटो निर्माण | |
| ४३. | १२ | हरदेव महतोको घर देखि चल्की चोक हुदै देवनगर टोल सम्म दुवै साइड नाला खन्ने | |
| ४४. | १२ | वडा कार्यालय अगाडीको पिपल गाछी देखि तिनकुने हुदै अभिमान टोल सम्म दुवै साइड नाला खन्ने | |
| ४५. | १२ | प्रमोद सिंहको घर देखि विजय पोखरी सम्म सडक मर्मत | |
| ४६ | १२ | राम वृक्ष भण्डलको घर देखि हरदेव महतोको खेत सम्म कृषि सडक स्तरोन्नति | |
| ४७ | १४ | पावन मिथिला देखी लच्का सम्म बर्दिवास जलेश्वर सडक खण्डको दुवै पट्टि वृक्षरोपण गोडमेल तथा | |
| ४८ | १४ | पुरानो राजमार्ग हुदै हस्पिटल सम्म र वेलगाछी चोक देखी शिव मन्दिर सम्मा सडकको दुवै पट्टि | |
| ४९ | १४ | वडा नं. १४ भित्रका नाला सरसफाइ | |

ख।प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको प्लम्बिङ र इलेक्ट्रिकल रिपिएर्स विषयमा सिप विकास तालिम संचालन गर्ने,

ग।आ.व. २०८१।८२ मा यस नगरपालिकामा सूचिकृत ४५४९ जना बेरोजगारहरूको नामवली स्वीकृत गर्ने,

४) प्रस्ताव नं.४ माथि छलफल गर्दा मिति २०८०।०६।१७ मा फिल्ड सहायकको प्रकाशित विज्ञापन रद्द गर्ने निर्णय गरियो।

५) प्रस्ताव नं.५ माथि छलफल गर्दा जग्गा वर्गिकरणमा नियमानुसार संसोधन र वर्गिकरणमा छुट भएका जग्गाहरू वर्गिकरण गर्नका लागि वडा स्तरबाट निवेदन फारम संकलन गर्न सूचना प्रकाशन, रेडियो एफएमबाट सूचना प्रशारण लगायतका अभियानात्मक कार्यक्रमहरू संचालन गर्ने निर्णय गरियो।

६) प्रस्ताव नं.६ माथि छलफल गर्दा निर्माणाधिन प्रशासकीय भवनको ठेक्काको म्याद मिति २०८२ असार मसान्त सम्म थप गर् निर्णय गरियो ।

७) प्रस्ताव नं.७ माथि छलफल गर्दा सम्मानित उच्च अदालत जनकपुरबाट रिट नं.०८०-w०-२००८ को रातुखोला ठेक्काको मुद्दा सम्बन्धमा मिति २०८१।०७।०६ गतेमा भएको फैसला कार्यान्वयनको लागि समिति गठन गर्न कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

रामगणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

८) प्रस्ताव नं.८ माथि छलफल गर्दा साविक विजलपुरा गाविस वडा नं.३(ख) हाल बर्दिबास वडा नं.१३ कि.नं.३६२ को ६७-१४-१८ विगाहा क्षेत्रफल मध्ये मधेश कृषि विश्वविद्यालयलाइ सिफारिस गरिएको जग्गा बाट बाकी रहेको सोही कि.नं. को १६-१४-१८ विगाहा क्षेत्रफलको जग्गा यस पालिकाले संरक्षण गर्ने प्रतिवद्दता सहितको जानकारी मालपोत कार्यालय,बर्दिबासलाइ गराउने निर्णय गरियो।

९) प्रस्ताव नं.९ माथि छलफल गर्दा बर्दिबास नपा वडा नं.१ स्थित जनमुखी स्वाथ्य र विकास सहकारी संस्थाको भवनमा यस नगरपालिकाको नगरकार्यपालिकाको कार्यालय रहदा कार्यालयले निर्माण गरेको एल्मोनियम पार्टिसनहरू सोही सहकारी संस्थालाइ अनुदान स्वरूप प्रदान गर्ने निर्णय गरियो।

१०) प्रस्तव नं.१० माथि छलफल गर्दा यस प्रदेशबाट जारी भएको स्थानिय सेवा ऐन,२०८१ र प्रदेश लोक सेवा आयोगको परामर्श अनुसार नगर प्रमुखले कर्मचारीको तह/स्तरवृद्दि सम्बन्धि समिति गठन गर्ने साथै बर्दिबास नगरकार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृत(छैठौं) श्री मिश्रिलाल यादवलाइ नियमानुसार अधिकृत(सातौं)मा स्तरवृद्दि गर्ने निर्णय गरियो।

११) प्रस्ताव नं.११ माथि छलफल गर्दा यस नपाको वडा नं.२ स्थित जनता मा.वि.को च.नं.१५० मिति २०८१।०८।१९ को पत्रानुसार माग गरिने भारतिय दुतावासको अनुदानमा १० प्रतिशत रकम लागत साझेदारी सुनिश्चित गर्ने गरियो।

१२) प्रस्ताव नं.१२ माथि छलफल गर्दा पोषण स्वयमसेवकको नपुग तलव यस नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो।

१३) प्रस्ताव नं.१३ माथि छलफल गर्दा देहायको व्यक्तिहरूलाइ आर्थिक साहयता प्रदान गर्ने निर्णय गरियो,

क) बर्दिबास नपा वडा नं.६ निवासी श्री कर्ण बहादुर मिरिङचिङलाइ उपचार खर्च बापत रू.२५०००(अक्षेरमा पचिस हजार मात्र),

ख) बर्दिबास नपा वडा नं.१४ निवासी श्री राम सेवक महतोलाइ आगलागिबाट भएको क्षति बापत क्षतिपुर्ति रू.१०००००(अक्षरमा एक लाख मात्र),

ग) बर्दिबास नपा वडा नं.७ निवासी श्री कलिमाया विक लाइ रू.५१०००(अक्षरमा एकाउन्न हजार मात्र),

घ) बर्दिबास नपा वडा नं.१४ स्थित रामजनकी मन्दिरमा विवाह पञ्चमीको भजन किर्तनका लागि रू.३००००(अक्षरमा तिस हजार मात्र),

ङ) बर्दिबास नपा वडा नं.८ निवासी राम कृपाल महतो(विरामिको बुवा)लाइ १ थान ब्हिल चियर खरिद गरि प्रदान गर्ने निर्णय गरियो,

१४) प्रस्ताव नं.१४ माथि छलफल गर्दा यस नगर क्षेत्र भित्रका सार्वजनिक जग्गाहरूको संरक्षण गर्न सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा समिति निर्माण गरि आवश्यक सार्वजनिक जग्गाको लगत संकलन तथा आवश्यक्ता अनुसार व्यवस्थापन गर्ने निर्णय गरियो।

१५) प्रस्ताव नं.१५ माथि छलफल गर्दा बर्दिबास फनपार्क र बर्दिबास अस्पतालको कर्मचारी आवास निर्माणका लागि डिपिआर स्वीकृत गरि भारतिय दुतावासमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पेश गर्ने साथै उक्त आयोजनामा आवश्यक पर्ने लागत साझेदारी सुनिश्चित गर्ने निर्णय गरियो।

राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत